नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संगठन विकास शाखा

प.सं. ०८२/८३
चलानी नं. १२

मितिः २०८२/०५/०४
नेपाल संवत:११४५

**विषयः विशेष पद सिर्जना सम्बन्धमा।**

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै)

प्रस्तुत विषयमा निजामती सेवा ऐन, २०४९ को दफा १८(९) बमोजिम अध्ययन बिदामा रहेको वा स्वत: निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै बिदामा रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामको लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नको लागि खटाइने कर्मचारीको हकमा तोकिएको अवधिसम्मका लागि र निजामती सेवा नियमावली, २०५० को नियम ५(१)(ङ) बमोजिम पद रिक्त नहुँदै लोक सेवा आयोगबाट कर्मचारी सिफारिस भई आएमा नियुक्ति र पदस्थापन गर्ने प्रयोजनार्थ विशेष पद सिर्जनाका लागि सहमति माग भएमा यस मन्त्रालयबाट सहमति प्रदान गरिंदै आएको व्यहोरा अनुरोध छ। यस सन्दर्भमा, कतिपय मन्त्रालय/निकायहरूमा यस प्रकृतिका कर्मचारीहरूको पदमा विशेष पद सिर्जना हुने नगरेको, न्यून संख्यामा सहमति माग हुने गरेको तथा यस्ता कर्मचारीको पदाधिकार अतिरिक्त समूहमा सार्न पत्राचार हुने गरेकोले निजामती सेवा ऐन, २०४९ को दफा १८(९) र निजामती सेवा नियमावली, २०५० को नियम ५(१) बमोजिमको अवस्था विद्यमान रहेका कर्मचारीहरूको हकमा उक्त कानूनी व्यवस्था बमोजिम अनिवार्य रुपमा विशेष पद सिर्जना गर्ने व्यवस्था कार्यान्वयन गर्नु गराउनुहुन यस मन्त्रालय, सचिवस्तरको मिति २०८२/०५/०३ को निर्णयानुसार अनुरोध छ।

२०८२।०५।०४

(चेतनाथ न्यौपाने)
शाखा अधिकृत

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखा- (वेबसाइटमा अपलोड गरी दिनुहुन)
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।